# वित्तीय जानकारी इकाई (FIU-Nepal) र गैर वित्तीय पेशाकर्मी वा व्यवसायी (DNFBPs) बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७८ पुस १४ गते काठमाडौं, नक्सालस्थित काठमाडौँ मेरियट होटलमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) का सम्बन्धमा इकाई र गैर वित्तीय पेशाकर्मी वा व्यवसायी (Designated Non-Financial Business and Professions-DNFBPs) बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



नियामक निकायहरु, DNFBPs तथा सम्बन्धित एशोसियसनहरुलाई आमन्त्रण गरिएको सो कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, आन्तरिक राजश्व विभाग, भूमी व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल कानून व्यवसायी परिषद्, नेपाल क्यासिनो एशोसियसन, नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण व्यवसायी महासंघ, नेपाल हस्तकला महासंघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल नोटरी पब्लिक एशोसियसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, नेपाल अडिटर्स एशोसियसन, नेपाल बार एशोसियसन, क्यासिनो व्यवसायीहरु, सुनचाँदी व्यवसायीहरु, मालपोत कार्यालयहरु, नोटरी पब्लिक व्यवसायीहरु, लेखापरीक्षण व्यवसायीहरु तथा कानुन व्यवसायीहरुका प्रतिनिधिहरुको सक्रिय सहभागीता रहेको थियो भने इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले 'AML/CFT in DNFBPs' तथा 'goAML in DNFBPS' शिर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

प्रमुख अतिथि डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना (तिम्सिना) ज्यूले सबै क्षेत्रका नियामक निकायहरुले आ-आफ्नो क्षेत्रको नियमन, सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई सबल बनाउँदै नेपालको AML/CFT Regime लाई सुदृढिकरण गर्दै समन्वय तथा सहकार्यको वातावरणमा आ-आफ्नो दायित्व निर्वाह गर्नुपर्ने बताउनु भयो । साथै राष्ट्रिय रणनीतिको कार्यान्वयन, पारस्परिक मूल्याङ्कनको तयारी, विद्युतीय माध्यमबाट रिपोर्टिङ्ग जस्ता कार्यहरु प्राथमिकतामा रहेको पनि प्रकाश पार्नुभयो । त्यस्तै विशिष्ट अतिथि डेपुटी गभर्नर बम बहादुर मिश्रज्यूले गैरकानुनी तवरले आर्जन गरेको सम्पत्तिलाई शुद्धीकरण गर्न गैरवित्तीय पेशाकर्मी वा व्यवसायीहरुको प्रयोग हुन सक्ने हुनाले सबै व्यवसायी तथा पेशाकर्मी सजग र सतर्क हुन जरुरी रहेको कुरा औंल्याउदै सम्पत्ति शुद्धीकरण गरेको शंका लागेमा वित्तीय जानकारी इकाईलाई यथाशिघ्र त्यसको सूचना दिनुपर्ने कानुनी व्यवस्था रहेको जानकारी गराउनु भयो ।



कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै सहभागी पेशाकर्मी तथा व्यवसायीहरुसँग निकट भविष्यमा नै क्षेत्रगत हिसाबले छुट्टाछुट्टै अन्तरक्रिया गरिने जानकारी दिनुभयो । पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले कार्यक्रमको सफलताको लागी शुभकामना दिनु भएको थियो । इकाईका उप-निर्देशक मेदनी प्रसाद पोखेलले स्वागत मन्तव्य प्रदान गर्नु भएको थियो भने उप-निर्देशक अस्मिता गोर्खालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरुबारे इकाई प्रमूख दीर्घ बहादुर रावललगायतले सम्बोधन गर्नुभएको थियो । सहायक निर्देशकद्धय अमिष शर्मा तथा स्वेच्छा घिमिरे तथा प्रधान सहायक ओमनाथ दाहालले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।